# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं फाल्गुन ७ गते २०११ साल [ अतिरिक्ताङ्क


भाग १

## श्री ५ महाराजाधिराजबाट २०११ साल राष्ट्रिय दिवसको उपलक्षमा बक्सेको

# शाही घोषणा

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ओंरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिण बाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ फिल्डमार्शल श्रीमन् महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन बीर बिक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम्।

**प्यारा दिदी बहिनी दाजु भाइहरु,**

आज आफ्नो मातृभूमिको महान् राष्ट्रिय दिवसको उपलक्षमा तपाईंहरुको साथ देशमा रहनुको बदला देशबाट हजारौं कोश टाढा बसी यो हार्दिक संदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मात्र पठाउनु पर्दा मलाई ज्यादै अफसोच लागेको छ। तर आजको यो शुभ दिनले फेरि देशमा नयाँ एकताको भावना उठी आपसी मेल मिलापको साथै काँधमा काँध मिलाई देशलाई माथि पुर्‍याउने शक्ति मिल्नेछ भन्ने यही मेरो हार्दिक शुभकामना छ। अहिलेको परिस्थितिमा म नेपालमा हुनु बहुतै आवश्यकता थियो र म आउन पनि तयार भएको बेलामा अकस्मात् फेरि उही पुरानो रोग उल्टी बिल्कुल असक्त अवस्था भएको र डाक्टरहरूले पनि चल्नेसम्म नहुने सल्लाह दिएकोले तुरुन्तै नेपालमा तपाईंहरूको सुख दुःखमा सरीक भै काँधमा काँध मिलाई वर्तमान परिस्थितिको सामना गर्ने काममा तपाईंहरूलाई मद्दत दिन नसक्ने अवस्था भएकोले बहुतै अफसोच लागेको छ। तसर्थ हाललाई छोरा नानी श्री ५ युवराजधिराजलाई यहाँ बोलाई देशको वर्तमान परिस्थिति हेरी कसो गरे देश र देशवासीहरूको भलाई हुन्छ। यथासक्य जन–आवाज सुनी आवश्यक सबै काम काज गर्ने गर्नू भनी अन्हाई ममा रहेको सबै शाही अधिकार पूर्ण तवरले दिई पठाएको छु। तपाईंहरूले पनि मुलुक उँभो लाग्ने काममा हर तरहबाट छोरा नानी श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवलाई मद्दत दिनुहोला भन्ने पूरा विश्वास राखेको छु। म पनि तपाईंहरूको र देशसेवा गर्न समर्थ हुनासाथ चाँडै नै आउनेछु। श्रीपशुपतिनाथले देश र देशवासीलाई सदैव सुबुद्धि दिई कल्याण गरून्।

जय नेपाल!

मिति २०११।११।७।६ नीस, फ्रान्स।

हुकुम बक्सेबमोजिम,

मी. सु. हंसमानसिंह,

श्री ५ महाराजाधिराजको सेक्रेटरी.



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७)

# २०११ साल फाल्गुन ७ गते शैज ६ का दिन राष्ट्रिय दिवसका उपलक्षमा श्री ५ युवराजाधिराजबाट रेडियो नेपालद्वारा प्रसारित गरिबक्सेको

# सन्देश

## प्यारा देशवाशीहरु,

आज हाम्रो अमूल्य राष्ट्रिय दिवसको उपलक्षमा केही बोल्न पाउदा मलाई ज्यादै आनन्द लागेको छ । तर अपशोचको कुरा छ कि श्री ५ महाराजाधिराज बुबाज्यु, जसको महान् त्याग र अथक परिश्रमको फलस्वरूप आज हामीले सर्वसाधारणको सहयोगद्वारा प्राप्त गरेको महान् राष्ट्रिय दिवस मनाउँदै छौं । त्यो शुभअवसरमा आज हामीबाट धेरै टाढा मौसूफ होइबक्सिन्छ र त्यो हालै मात्र नीस्मा गै पाएको दर्शनको अनुभवले म दावा गरी भन्न सक्छु कि मौसूफको त्यो अस्वस्थ अवस्थामा पनि मैले सधैंको स्वास्थ्यावस्थामा झैं देश र देशवासीहरूको भलाईको चिन्तामा व्यस्त रही बक्सेको पाएँ, जसलाई म मौसूफको दिलमा रहेको महान् गुणको राष्ट्रिय चिन्ह हो भनी भन्न केही हिचकिचाउन्न र जुन कुराको प्रमाण मौसूफबाट पठाइबक्सेको आजै बिहान मात्र यस रेडियोद्वारा प्रसारित शाही घोषणाको एक एक शब्द नै साक्षी छ । त्यो फेरि दोहोऱ्याइरहनु आवश्यक देख्दिन ।

नीस— ३ दिनको बसाइले नीसको बयान गर्नु ज्यादै नसुहाउँदो कुरा हो तापनि ३ दिनमा मैले त्यस ठाउँमा तीनै कुरालाई राम्ररी बुझ्न पाएँ— ती हुन्— त्यहाँका बासिन्दाहरूको सुघर सफाइ, आपसी मेल मिलाप र पूर्ण अनुशासित नम्रता, जो कि मलाई लाग्दछ यी कुराहरू सभ्यता र उन्नतिका महान् च हुन मुलुकमा यसको अत्यावश्यक पर्दछ ।

अब अरू केही भन्न चाहन्छु ।—

गत चार महिनामा राजकीय परिषद्बाट भएका तपसीलबमोजिमका मुख्य मुख्य निर्णयहरू यस प्रकारका छन् कि राजकीय परिषद्बाट भएको काम कुरामा

२८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्वसाधारणमा कुनै भ्रम नरहोस् र राजकीय परिषद्को काममा प्यारा भाइ श्री ५ माहिला अधिराजकुमार तथा कान्छा अधिराजकुमारहरूबाट जो सहायता र सहयोग पाएँ, त्यसका लागि म उनीहरूलाई हार्दिक धन्यवाद नदिई रहन सक्तिन।

तपसील

२०११।६।२७।४ मा भएको पहिलो बैठकमा साबिकदेखि ठाउँ ठाउँमा राखी आएको पुलीसचौकी पहराहरू झिकिएकोले चोरी डकैती लूटमारको वारदात बढेकोले पुलीसको पुनर्गठन भई अर्को बन्दोबस्त नभएसम्म साबिकबमोजिम राखी आएको पुलीसचौकी पहराहरू शान्ति सुरक्षाको निमित्त साबिकबमोजिम राख्ने ठहर भई मा. प्रधान मन्त्रीलाई लेखी गएको।

ठाउँ ठाउँको बडाहाकिमहरू धेरै दिनदेखि केन्द्रमा आई बसेबाट मुख्य सरकारी अफिसर आफ्नो मुकाममा नभएकोले शान्ति सुरक्षा भङ्ग भएको समाचार बराबर आएकोले तिनीहरू विशेष काममा आएको भए सो काम चाँडो तामेल गरी गराई आफ्नो आफ्नो जिल्लामा पठाउनुपर्ने निर्णय भई मा. प्रधान मन्त्रीलाई लेखी गएको।

२०११।८।७।१ मा र २०११।८।४ मा खाद्यान्न र मुद्राबारे मन्त्रिमण्डलबाट कुन तरिकाबाट कति समयभित्र के गर्ने निधो गरेको छ भनी मन्त्रिमण्डलको का. मु. अध्यक्षलाई सोधी लेखी पठाउने निर्णय भएको।

२०११।७।२६ मा ठाउँ ठाउँको बडाहाकिमहरूको अदला बदली गर्ने निर्णय गरी मन्त्रिमण्डलले स्वीकृतिलाई जाहेर गरेकोमा—'बेकाइदा गरेमा जुनसुकै बडाहाकिमलाई पनि सरुवा गर्ने वा झिक्न सकिनेछ भनी सुनाई पठाई दिने गरी सदर भएको।

वन जङ्गल सीमानाको जग्गा अबाद गर्नेबारेको मन्त्रिमण्डलको मिति २०१०।१२।१६।२ मा भएको बैठकको निर्णयको १५ दफामा निकाशा हुन बाँकी रहेको कुरा जाहेर भई यस विषयमा श्री ५ महाराजाधिराजबाट पटक पटक बक्सेको हुकुमको समेत विचार गरीबक्सी मुलुकको आमदानीको एक मुख्य बाटो भएको वन जंगलको संरक्षण तथा वृद्धि हुनुपर्ने कुरा ध्यानमा राखी यस किसिमको जग्गाको वितरण कुन निश्चित नीतिको आधारमा हुने हो, यसमा

२५४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रिमण्डलले राम्ररी विचार गरी निश्चित नीति निर्धारित गर्ने काम बाँकी नै देखिएकोले वन जङ्गल नमासी यसको संरक्षण र वृद्धि हुनुपर्ने ठहर गरी-बक्सी यसमा मन्त्रिमण्डलले सर्व कुराको ख्याल राखी पुनर्विचार गर्नालाई फिर्ता पठाउने निर्णय भएको।

शान्ति सुरक्षा, खाद्यान्न, मुद्रा, नहर तथा शासन—व्यवस्थाको सुप्रबन्धबारे एक हप्ता भित्र योजना, तयार गरी ल्याउनालाई मा. प्र. मन्त्रीलाई सबै मा. मन्त्री-हरूको अगाडी हुकुम भएको।

नेपाललाई ठाउँ ठाउँबाट प्राप्त स्कलरशीप अन्तरगत भएका सरकारी कर्म-चारीहरूबाट के के विषयमा तालिम हासिल गरी आए तथा तिनीहरूको तालिम र विशेष ज्ञान मुलुकको कुन कुन कामको निमित्त सहायक भयो वा कुन किसिमबाट तिनीहरूको तालिम देशको काममा लगाउने भएको छ, मा. प्रधान मन्त्रीलाई लेखी पठाउने निर्णय भएको।

२०११।६।१४ मा प्रधान न्यायालयबारेको केही नियमावलीहरू ८।१० दिनमा ठीक हुनेछ भनी मा. कानून मन्त्री र मा. गृहमन्त्रीले श्री ५ युवराजाधिराजका हजूरमा जाहेर गर्नुभएको, तर अहिलेसम्म यस विषयमा केही कुरा जाहेर नभएकोले काम तामेल गरी जाहेर गर्नालाई मा. कानूनमन्त्री र मा. गृहमन्त्रीलाई लेखी सूचनार्थ पत्रको नक्कल प्रतिलिपि मा. प्र. मन्त्रीलाई पठाउने निर्णय भएको।

२०११।६।२० मा ठाउँ ठाउँमा देवस्व र राजस्वको चोरी भएको र गोदावरीको गोलीकाण्ड आदिबारे राम्ररी जाँच बुझ गर्न निस्पक्ष जाँच कमिश-नको नियुक्त गर्न पर्ने ठहर भएकोमा यस कामलाई राख्ने निस्पक्ष मानिसहरूबारे मा. प्र. मन्त्रीको रायलाई लेखी गएको।

२०११।१०।८।६ मा २०११।६।१ देखिको सरकारिया कर्मचारीहरूको मरुवा सरुवा बढुवा र नयाँ भर्नाबारेको कम्प्याण्डरी किताबखानाबाट मासिक रिपोर्ट झिकाउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकारको जिन्सी उठ्ती कति छ र अरु दुनियाँको जगेडा कति रह छ, यथार्थ विवरण मालपोतमन्त्रालयबाट मगाउने निर्णय भएको।

२०११।१०।१६।३ मा अखिल नेपाल शुद्धीकरण किसान संघको ६ वटा मागहरूमध्ये भूमिसुधार कमिशनसमेतले मुनासीव ठह्र्याएको मागहरूमा चाँडो विचार गरी कारवाईं गराउने।

२०११।१०।२८ मा मा.प.मन्त्रीको शिफारिसबमोजिम सर्वश्री टंकप्रसाद आचार्य तथा भद्रकाली मिश्रलाई मन्त्रिमण्डलको सदस्यताबाट मिति २०११।१०।२६।१ देखि मुक्त गरिबक्सने निर्णय भएको।

श्री ५ महाराजाधिराज मुबाज्यूबाट राजकीय परिषद् भङ्ग गरिबक्सी देशको वर्तमान परिस्थिति सम्हाल्न जुन शाही अधिकार पूर्णतवरले मलाई बक्सेको छ, त्यसमा देश मौसूफ र जनताप्रति पूर्ण राष्ट्रहितैषी भै इमान्दारीसाथ शाही इच्छानुसार हर तरहले देशको कल्याणतर्फ तत्परतासाथ लाग्नु नै मेरो कर्तव्य र कोशिस हुनेछ। चाहे देशको वर्तमान परिस्थिति र समस्या जतिसुकै नै जटिल किन नहोस्, मलाई पूर्ण विश्वास छ कि ममाथि पर्न आएको अनगिन्ति बोझ सबैको सहयोग र इमान्दारीबाट हलुका गर्न सक्ने नै छु। यसमा सबैबाट ठीक ठीक मद्दत पनि पाउने नै छु भन्ने मलाई पूर्ण आशा र विश्वास पनि छ। आज देशमा प्रजातन्त्र आएको पूरा ४ वर्ष व्यतित भयो, तर सुहाउँदो चारवटा मात्र पनि यो यो कुरा भयो भन्नुपरेमा हामीले खोजी रहनुपर्छ—यो यौटा सरमको कुरा छ। 'प्रजातन्त्र बालकै छ' भनुँ भने बालकमा रहनै नसक्ने गुणहरू स्वार्थ, लोभ र इर्ष्या यसमा देखिन्छ। यतिन्जेल हुर्क्यो भनुँ भने दुर्भाग्यवश फष्टाएको कतै केही देखिन्न, जुन कुरा देशमा कसैबाट छिपे जस्तो लाग्दैन। तसर्थ अब सामुमा धेरै कुराको समाधान गर्नु छ, सुधार्नु छ। परिआएको अनेकौं कठिनाइहरूको सामना गरी जे गरी हुन्छ, देशलाई उचाल्नु छ, अब पछार्नें हाम्रो कर्तव्य होइन, यही हाम्रो मुख्य उद्देश्य हुनुपर्छ, जसको जिम्मेवारी हामी सबैमा बराबरी छ। यो भन्नुपर्ने आवश्यक छैन, किनकि हामीले हाम्रो पूर्वजहरूको वीरता, इमान्दारी र देशप्रेम बिर्सेका छैनौं—जो हामीलाई इतिहासले बार बार सम्झाउँदैछ।

२८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तसर्थ हामीले डराई हडबडाई आत्तिएर तर्सी अर्कालाई हँसाउनु पर्दैन। मिलौं जुलौं ठीक बाटो हिंडौं कसैको केही लाग्नेछैन, यो सत्य छ, यो अत्युक्ति हुँदैन; मलाई विश्वास छ।

इत्यादि कारणवश देशमा सुव्यवस्था ल्याउनको लागि आजदेखि भ्रष्टाचार निवारण आफिस, पब्लिक सर्भिस कमिशन, सेन्ट्रल इन्टेलिजेन्स व्युरो र कम्पायडरी कितापखानालाई मैले आफ्नै मातहतमा राखी काम चालु गर्ने भएको छु र १५ दिन-सम्ममा 'स्वतन्त्र न्यायालय गयो' भन्ने भ्रम पनि दूर गरिदिने भएको छु। जसको निमित्त आवश्यक कुराहरू मिलाई ल्याउन वर्तमान क्याबिनेटलाई पनि अह्राइसके-को छु। जसबाट म आशा गर्दछु जनतालाई धेरै मात्रामा सुविधा हुनेछ। किनकि सबैमाथि सबैको चेक रही सबैले अनुशासनमा रही कानूनमा चल्नु नै सच्चा प्रजातन्त्र हो र कुनै किसिमको उछेललाई प्रजातन्त्र सम्झनु त्यो हाम्रो भूल हो। त्रुटि मानिसैबाट हुन्छ र सो दोहोरिन नदिनु पनि मानिसकै गुण हो, जस्तो लाग्दछ। तसर्थ शाही इच्छानुसार काँधमा काँध मिलाई उठाएमा जत्रो बोझ पनि हलुकै हुनेछ। जत्रो उलझन पनि सुल्झाउनेछौं र मलाई पूर्ण आशा छ—देशका जनता, जङ्गी तथा निजामती सबै कर्मचारीहरूबाट पनि मैले पूर्ण सहयोग पाई देशको सेवा गर्न काबिल बन्नेछु। हाम्रो मित्रराष्ट्रहरूबाट पनि जे जति सहायता पाएका छौं, त्यसको लागि हामी सदैव आभारी छौं। अन्तमा श्री ५ महाराजाधिराज बुबाज्यूको शीघ्र स्वास्थ्य—लाभको कामना गर्दै र यस वर्षमा देश र देशवासीहरूको हरतरहबाट कल्याण कामना दै श्री पशुपतिनाथमा प्रार्थना गर्दछु।

जय नेपाल !

२०११।११।७।६

हुकुम बक्सेबमोजिम,
मी. सु. हंसमानसिंह.
श्री ५ महाराजाधिराजको सेक्रेटरी.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुभक्त जोशी.

२८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।